नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

असार/साउन २०७९ (July 2022) वर्ष २५/अङ्क २८१

## सबै कुरा मिलेर भलाइ हुन्छ ।

- पाष्टर प्रेम श्रेष्ठ

**हामी जान्दछौँ, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्‍वरले भलाई नै गर्नुहुन्छ** (रोमी ८ : २८) ।

**१) बाबेलको धरहरा**
**२) शाउलको तरवार**
**३) कोरोना कहर**

मण्डलीको, परिवारको, व्यक्तिको वा सँगठित वा असँगठित समाजको जीवन सधैँ एउटै नरहदों रहेछ । हामी सुन्ने गर्दथ्यौँ हरेक कुरामा क्रम भंग हुन्छ तर हाम्रो परमेश्‍वरमा कुनै प्रकारको क्रम भंग हुँदैन नत उहाँको वचनमा एउटै कुरा पूर्णविराम अर्थात् कुनैपनि योजना अब परिवर्तन हुँदैन, परमेश्‍वरको वचन; **येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ** (हिब्रू १३:८) । **म परमप्रभु कहिल्यै परिवर्तित हुँदिनँ** (मलाकी ३:६) । **यसैले हे याकूबका सन्तान हो, तिमीहरू नष्ट भएका छैनौ । हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ । बदलिरहने छायाँजस्तो उहाँमा कुनै हेरफेर हुँदैन** (याकूब १:१७) । **परमेश्‍वर ढाँट्नुहुन्न, कारण उहाँ मानिस हुनुहुन्न, उहाँले मन बद्लनुहुन्न, कारण उहाँ मान्छेको सन्तान हुनुहुन्न । उहाँले भन्नुभएपछि के त्यो गर्नुहुन्न र ? अथवा उहाँले प्रतिज्ञा गर्नुभएपछि के त्यो पूरा गर्नुहुन्न र ?** (गन्ती २३:१९) । **घाँस ओइलाउँछ, फूलहरू झरिहाल्छ, तर हाम्रा परमेश्‍वरको वचन सधैँभरि अटल रहनेछ** (यसैया ४०:८) । **आदिकालमा तपाईंले पृथ्वीको जग बसाल्नुभयो, र स्वर्ग तपाईंकै बाहुलीको कृति हो । तिनीहरू नष्ट हुनेछन्, तर तपाईं रहिरहनुहुन्छ, तिनीहरू सबै वस्त्रझैँ थोत्रा भइजानेछन् । लुगा फेरेझैँ तपाईंले तिनीहरूलाई फेर्नुहुनेछ, र ती फालिनेछन् तर तपाईं त एकैनासका हुनुहुन्छ, र तपाईंका वर्षहरूको अन्त्य नै हुँदैन** (भजनसंग्रह १०२:२५-२७) । ले भन्दछ, 'उहाँ हिजो आज सधैँभरी एक समान हुनुहन्छ । हामी अपरिवर्तनीय परमेश्‍वरको परिवर्तन भैराख्ने छोराछोरीहरू र परिवर्तन भैराख्ने संसारका बासिन्दाहरू हौँ । विगत २.५ (साढे दुई) वर्ष यता हामी सबैको जीवनमा धेरै ठूलो बदलाव आयो । हाम्रा व्यापार, सेवकाइ, व्यक्तिगत जीवनमा अकल्पनिय परिवर्तनहरू आए जसको कारण कोभिड अगाडिको युग र कोभिडपछाडिको युग भनी नामाकरण गर्न पनि राम्रै होला, कि कसो ? हामी बाइबल पढ्ने र बुझ्ने व्यक्ति भएकोले म यहाँ बाइबलमा भएको केही घटनाहरू जसमा परमेश्‍वरले विशेष हस्तक्षेप गर्नुभएको चित्र प्रस्तुत गर्न वा सम्झाउन चाहनुहुन्छ जस्तै;

**१) बाबेलको धरहरा :-**

(उत्पत्ति ११:१-७) मा मानिसहरूले परमेश्‍वरको वचनको विरुद्धमा योजना बनाए, **परमेश्‍वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ । समुद्रका माछाहरू, आकाशका पक्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर ।"** उत्पत्ति १:२८ मा फैलिदैं जानु भन्ने आज्ञाको उल्लङघन गरे र मानिस जाति आफ्नो सिप, क्षमता र बलमा घमण्डी भएपछि परमेश्‍वरले उत्पत्ति ११:८-९ **तब परमप्रभुले त्यहीँबाट तिनीहरूलाई जम्मै पृथ्वीभरि तितरबितर पारिदिनुभयो र तिनीहरूले त्यो शहर बनाउन छोडिदिए । यसकारण त्यसको नाउँ बाबेल राखियो, किनभने परमप्रभुले त्यहीं नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो । त्यहीँबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो ।** मानिसलाई तितरबितर र भाषालाई खलबल पारिदिनुभयो कारण परमेश्‍वरले आफ्नो महिमा अरूलाई दिनुहुन्न उहाँ डाही परमेश्‍वर पनि हुनुहुन्छ । **तिनीहरूका सामु ननिहुरनु, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्‍वर डाह गर्ने परमेश्‍वर हुँ । मेरो अवहेलना गर्ने पिता पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु** (प्रस्थान २०: ५) । यसरी परमेश्‍वरले आफ्नो प्रेम र अभिप्राय लाई फैलाउनुभयो ।

**२) शाउलको तरवार :-**

**तिनको हत्यामा शाउल पनि सहमत थिए । त्यसै दिन यरुशलेममा भएका मण्डलीको विरुद्धमा ठूलो सतावट शुरू भयो, र प्रेरितहरूबाहेक तिनीहरू सबै यहुदिया र सामरियाका इलाकातिर छरपष्ट भए । भक्तजनहरूले स्तिफनसलाई लगेर गाडे, र तिनको निम्ति ठूलो विलाप गरे । तर शाऊलले चाहिँ घर-घरमा पसेर मण्डलीलाई संहार गरिरहेका थिए । तिनले पुरुष र स्त्रीलाई घिस्याउँदै लगी झ्यालखानामा हालिदिन्थे** (प्रेरित ८:१-३)। जब पेन्तिकोषको दिन

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी |
| असार १८<br>July 9 | पाष्टर<br>अशोक मुखिया | डीकन<br>राजु तामाङ्ग | एल्डर<br>सामुएल क्षेत्री | एल्डर<br>ग्रेस खालिङ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | एल्डर<br>सीता गुरूङ्ग | डीकन<br>वीर बहादुर राई | एल्डर<br>जनक लाल श्रेष्ठ |
| असार २५<br>July 16 | एल्डर<br>सिमोन पाठक | डीकनेस्<br>रश्मिला थिङ्ग | एल्डर<br>बागमान तामाङ्ग | एल्डर<br>सिमोन खालिङ | सह-पाष्टर<br>रूबेन श्रेष्ठ | डीकन<br>बाबु राम के.सी. | श्री<br>अनिल चौधरी | डीकन<br>कृष्ण नगरकोटी |
| असार ३२<br>July 23 | श्री<br>लेखनाथ पौडेल | श्री<br>सरुष मान तामाङ्ग | डीकन<br>कुमार गजमेर | एल्डर<br>घन श्याम दाहाल | श्री<br>सुकराम तामाङ्ग | पाष्टर<br>रोल्याण्ड रोंगोंग | ललितपुर को<br>वक्ता | एल्डर<br>भुवन देवकोटा |
| साउन ७<br>July 30 | एल्डर<br>अर्जुन ढकाल | श्रीमती<br>माया श्रेष्ठ | डीकन<br>सुनिल तामाङ्ग | एल्डर<br>सीता गुरूङ्ग | सह-पाष्टर<br>रूबेन श्रेष्ठ | डीकन<br>रूद्र राई | श्रीमती<br>शशिकला राई | एल्डर<br>आनन्द न्यौपाने |
| साउन १४<br>August 6 | श्री<br>विष्णु देउला | एल्डर<br>मान बहादुर मगर | श्री<br>पिटर घिमिरे | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>श्रीलक्ष्मी सैंजु | एल्डर<br>नभराज के.सी. | एल्डर<br>शरण राई | एल्डर<br>यमदेवी पोखेल |

आयो र पवित्र आत्मा सधैंको लागि प्रतिज्ञा बमोजिम आफ्ना मानिसहरूमा ओर्ली आउनुभयो । **तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरुशलेममा, सारा यहुदियामा, सामरियामा र पृथ्वीको पल्लो छेउसम्म मेरा साक्षी हुनेछौ** (प्रेरित १:८) । प्रतिज्ञा र आज्ञा बमोजिम नचलेर त्यस बेलाका मण्डलीले परमेश्वरको सुविचारीत योजनाको विरुद्धमा एकै ठाउँमा भेला भएर सारा संसारमा खीष्टको साक्षी हुने कुरा नभएर सुविधा भोगमा लागे । **विश्वास गर्नेहरूका समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए । तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए । ती प्रेरितहरूले बडो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो । तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गा-जमिन कि घरका मालिक थिए, तिनीहरूले त्यो बेचेर त्यसको मोल ल्याउँथे । र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँडिदिन्थे** (प्रेरित ४:३२-३५) । जसको कारण स्तिफनसको मृत्यु लगायत शाऊलको तरवार आयो र सुसमाचार दुःखका साथ एन्टिओक, साइप्रस, कोरिन्थी, फिलिप्पी, सामरीया लगायतका ठाउँमा फैलियो । हामीलाई थाहा छ कि परमेश्वरको राज्य खाली खाने, पिउने, लत्ता कपडा वा भौतिक कुरा मात्र होइन यो अलौकिक, आत्मिक आशिष् पनि हो । मण्डलीलाई सतावट त भयो, उनीहरू छरपष्ट भए तर यसबाट परमेश्वरले आफ्नो महिमा लिनुभएको देखिन्छ ।

**३) कोरोनाको कहर :-**

२०१९ तिर चिनको वुहान सहरबाट फैलिएको कोरोना कहरले आज सम्म सारा संसारभरि १९५ राष्ट्र तथा अन्य प्रान्तहरूलाई आफ्नो चपेटामा पारिसकेको छ जहाँ ६३,३३,८८७ जनाको निधन भैसक्यो र झण्डै ५५ करोड मानिसहरूलाई कोरोनाले पक्रिसक्यो र हाम्रो देशलाई पनि यसले सारै नराम्रोसँग गाँजिसक्यो । मण्डलीको कुरा गर्दा कतिले आफन्तहरू गुमायो, कति जनाले व्यापार, घर, नोकरी गुमायो तर हामीले जान्नुपर्ने र मनन गर्नुपर्ने विशेष कामचाहिँ हरेक कुरा, हरेक घटनाको पछि परमेश्वरको विशेष् हात हुन्छ र यो घटना पछि पनि पक्कै छ । **के तिमीहरू भन्दैनौ, अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ, म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ** (यूहन्ना ४:३५) । हाम्रो आँखा पनि अब उठाउनुपर्छ, हाम्रो ध्यान प्रभुको काम तथा उहाँको योजनातिर भन्दा म, मेरो, मलाई भन्दा पनि प्रभुलाई, प्रभुको र प्रभु नै भन्ने कुरातिर लगाउने बेला हो । आफ्नो गाउँ-गाउँमा, सहर-सहरमा, टोल-टोलमा मण्डली स्थापना गर्न अब माथिका कुरामा ध्यान लगाउनु पर्दछ । **यसकारण यदि तिमीहरू खीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरूको खोजी गर, जहाँ खीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ** (कलस्सी ३:१) । यो कोरोनाले हाम्रो अति नै प्याराहरूलाई पनि उठाइलग्यो तर वचनले भन्दछ , **हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ** (रोमी ८:२८) । **किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई** (यर्मिया २९:११) । मण्डलीलाई उहाँको महान आज्ञा पूरा गर्न बाध्यता छ नत्र मण्डलीको अस्तित्व नै हुँदैन, अब मण्डली जागा हुनुपर्दछ, सचेत हुनुपर्दछ र हराएकाहरूलाई खोजेर ल्याउने, बाटो बिराएकाहरूलाई सही मार्गमा डोऱ्याउने, सत्यमा अगुवाई गर्ने, सु-समाचारको पक्षमा उभिने, प्रभुको वचनलाई जस्तो छ त्यस्तै मनन गर्ने, झूठा शिक्षालाई पहिचान गर्दै तितो सत्य जो असली औषधि हो त्यसमा डोऱ्याउने कामद्वारा यो समयलाई सदुपयोग गर्नुपर्दछ । प्रभुको महिमा र मण्डलीको भलाई गर्दै वचनमा आधारित जीवन जिउँदै प्रभुले दिनुभएको समयलाई सदुपयोग गरौं । त्यसकारण बाबेलको धरहरा, शाऊलको तरवार र कोरोना कहरले असलै गर्छ र यसलाई सदुपयोग गरौं, म पनि गर्छु । धन्यवाद !!!

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असार १८** July 9 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | श्री चित्र खड्का | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | डीकन मोहन श्रेष्ठ | एल्डर राज गुरूङ्ग | श्री अमृत लामा | एल्डर छोदेन कार्थक | पाष्टर कर्ण तामाङ्ग | एल्डर जोरविर राई |
| **असार २५** July 16 | डीकन कृष्ण तामाङ्ग | श्री राजेन्द्र घरासैनी | श्रीमती सलोमी दों | श्री अमृत लामा | एल्डर गोपी राई | एल्डर राज गुरूङ्ग | श्री उमेश मगर | एल्डर अष्ट श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | एल्डर राजु श्रेष्ठ | एल्डर छोदेन कार्थक |
| **असार ३२** July 23 | एल्डर पेशल राई | डीकन सुनिल मुनिकार | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | डीकन कृष्ण तामाङ्ग | सुश्री रोना श्रेष्ठ | डीकन मोहन श्रेष्ठ | श्री अमृत लामा | एल्डर पिटर लिम्बू | एल्डर बी.एन. पण्डित | श्री कुमार सेन्चुरी |
| **साउन ७** July 30 | एल्डर राज गुरूङ्ग | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर पेशल राई | श्री रत्न तामाङ्ग | श्री अमृत लामा | एल्डर बी.एन. पण्डित | डीकन मत्ती सिराल | डीकन डिल्ली ब.राई |
| **साउन १४** August 6 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर कर्ण तामाङ्ग | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |

# हार्दिक बधाई



२०७९ असार ६ गते/जून २० तारिख, २०२२ सोमबार नेइम गोंगबूँ चर्चको सदस्य सुश्री **युवा कुमारी बर्माशाख** र एलोहिम चर्च, मूलपानीको सदस्य श्री **युवराज श्रेष्ठ**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **युवराज** र **युवा कुमारी श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

**जानकारी**

१. २०७९ जेष्ठ २८ शनिबार नेइम सिर्जनानगर चर्चमा डीकन सिद्ध खालिङलाई एल्डर, श्री सुनिल तामाङ्गलाई डीकन, श्री कुमार बस्नेतलाई डीकन, श्रीमती सरीता नकर्मीलाई डीकनेस् अभिषेक गरिया ।

२. २०७९ जेष्ठ २८ शनिबार नेइम सिर्जनानगर चर्चमा ७ जना बाल-बालिकाहरूको बाल अर्पण भयो ।



ढल्को बस्नुहुने श्रीमती राधिका महर्जन ७५ उमेरमा २०७९ जेष्ठ १० गते/मे २४ तारिख, २०२२ मंगलबार प्रभुमा सुत्नुभयो ।

# विशेष् प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, सबै राजनैतिक पार्टीहरूको लागि प्रार्थना गरिदिऔं ।

२. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. विभिन्न माध्यमहरूद्वारा प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू अनुग्रहको समय छँदै परमेश्वरको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

५. देशको विभिन्न भागमा बाढी पहिरोको कारण दुःख पाएकाहरूले समयमा नै राहतहरू पाउन सकून् साथै पुनःस्थापनको लागि प्रार्थना गरिदिऔं ।

६. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै आफै पनि ख्रीष्टमा बनिँदै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

७. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

८. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

९. बेरोजगारीहरू हुनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं साथै बेरोजगारीको कारण कुनै विश्वासीहरूले प्रभुको नाउँलाई निन्दित तुल्याउने काम नगरून् र परमेश्वरमा भरोसा गरिराख्नेहरू हुन सकून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार** Sunday | १९ 3<br>नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं ।<br>यशैया ४५:१-४, ५४:२-३ | २६ 10<br>परमप्रभु परमेश्वरले राखिदिनु-भएका आशिषहरू उपभोग गर्दै आशिष् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३, यहोशू १:३-५ | १ साउन 17<br>नेइम परिषद्का गुरुजनहरू पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ८ 24<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ सधैँ हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:२४ | १५ 31<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ |
| **सोमबार** Monday | २० 4<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७, यूहन्ना १६:३३ | २७ 11<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारसित फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू सबैको लागि प्रार्थनो गरिदिऔं ।<br>लूका १५:११-२४ | २ 18<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | ९ 25<br>नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डली हरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं ।<br>४५:१-४,५४:२-३ | १६ August 1<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैँ धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ |
| **मंगलबार** Tuesday | २१ 5<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | २८ 12<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | ३ 19<br>सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | १० 26<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | १७ 2<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार** Wednesday | २२ 6<br>नेइमका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसोलोनिकी १:२-३ | २९ 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>१ कोरिन्थी १५:५८ | ४ 20<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनको लागि प्रार्थना गरिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ११ 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | १८ 3<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| **बिहीबार** Thursday | २३ 7<br>बाल संगतिका सबै बाल बालिकाहरू साथै शिक्षक/शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:९, १ कोरिन्थी १५:५८ | ३० 14<br>नेइमका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर भएर जिउन सकून्।<br>एफिसी २:१० | ५ 21<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-३३ | १२ 28<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४ | १९ 4<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६, १६:३ |
| **शुक्रबार** Friday | २४ 8<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, र स्तुति प्रशंसा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | ३१ 15<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | ६ 22<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले खीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२३ | १३ 29<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१०, ३ यूहन्ना ६ | २० 5<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:५ |
| **शनिबार** Saturday | २५ 9<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | ३२ 16<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन सकून् ।<br>कलस्सी २:२१-२२ | ७ 23<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>भजनसंग्रह २६:२-८ | १४ 30<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्<br>प्रेरित १:८, २:४२-४७ | २१ 6<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

**"म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु, र तँलाई आशिष् दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिष्को मूल हुनेछस् । तँलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तँलाई सराप दिनेहरूलाई सराप दिनेछु । तँद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्"**

**उत्पति १२:२-३**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,